हरिनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## हरिनगरा सुनसरी

## कोशी प्रदेश नेपाल

प.स. २०८१/०८२

च.नं.

तेश्रो पटक प्रकाशित

मिति:२०८१/११/१८

सूचना। सूचना ॥ सूचना ।॥

**विषय: २ महिने आधारभुत कुक तालिमको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस गाउँपालिकाद्वारा लक्षित वर्ग तथा अन्य वर्गको लागि सिप विकास तथा प्रविधि सहयोग कार्यक्रम अन्तर्गत २ महिने आधारभुत कुक सम्बन्धी तालिम सञ्चालन गरी सो पश्चात व्यबसायिक शिक्षा परिषद् तथा तालिम केन्द्र (CTEVTE) बाट सीप परिक्षण सम्मको ब्यबस्था मिलाइने भएकाले उक्त तालिम लिइ दक्ष भई बैदेशिक रोजगारमा जान चाहाने तथा आफ्नै ब्यबसाय सञ्चालन गर्न इच्छुक देहायका योग्यता भएका ब्यक्तिहरुले स्थानीय तहमार्फत लघु,घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधी सहयोग कार्यक्रम सञ्चालन कार्यविधी,२०८१ को अनुसूची १ बमोजिमको आवेदन फारम भरी सम्बन्धीत वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा आवेदन पेश गर्नुहुनको लागि यो सूचना जारी गरिएको छ।

**आवेदनको लागि आवश्यक कागजात तथा योग्यता:**

१.कक्षा ८ उतिर्ण गरी १६ वर्ष पुरा भएको हुनुपर्नेछ।

२.नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ।

३.तालिम पश्चात लिएको सीप उपयोग गरी उद्यमी बन्ने वा बैदेशिक रोजगारीमा प्रयोग गर्ने प्रतिवध्दता गरी स्वघोषणा गरेको हुनुपर्नेछ।

४.हरिनगर गाउँपालिकाका ७ वटै वडाबाट ३/३ जना छनौट गरी तालिम प्रदान गरिने भएकाले एक वडाबाट ३ जना भन्दा बढी आवेदकको आवेदन प्राप्त भएको खण्डमा वडा समितिले देहायको आधारमा ३ जना आवेदकलाई प्राथमिकता दिइ प्राथमिकताक्रम सहित सिफारिस गरि पठाउनेछ।

क) यस भन्दा पहिले गाउँपालिका वा अन्य सरकारी निकायबाट सिपमुलक तालिम नलिएको।

ख) आवेदकको परिवार तथा आवेदकको आर्थिक अवस्था कमजोर रहेको।

ग) सिपमुलक तालिम लिएपश्चात ब्यबसायी बन्ने तथा बैदेशिक रोजगारीमा जाने सम्भावना रहेको।

५. गाउँपालिकाले एक वडाबाट ३ जना भन्दा बढी आवेदकको आवेदन प्राप्त भएको खण्डमा वडा समितिबाट सिफारिस भई आएको नामका आधारमा अन्तिम सूची तयार गरी प्रशिक्षार्थीहरुको छनौट गर्नेछ।

६.आवेदन फारम गाउँपालिकाको वेभसाइट, वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयबाट निशुल्क रुपमा प्राप्त गर्न सकिनेछ।

७.सीप तालिमको लागि आवेदन मिति २०८१/११/१९ गतेदेखी मिति २०८१/११/२८ गतेसम्म कार्यालय समयभित्र दिन सकिनेछ। तालिम संञ्चालन हरिनगर गाउँपालिका वडा नं. ४ मा पछी तोकीए बमोजिमको स्थानमा हुनेछ।

.....................

(रोहिणी आचार्य)

प्रमुख प्रशासकीय अधिकृत

Email id.: harinagargapa@gmail.com, ito.harinagaramun@gmail.com, website: www.harinagarmun.gov.np